**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

१. राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि कर्नाटक, तमिलनाडु र तेलंगानाको सात दिने भ्रमणमा जानु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले जोर्डनका राजा अब्दुल्लाह द्वितीय इब्न अल हुसेनसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुभयो। उहाँ आज साँझ इथियोपियाको राजधानी अदिस अबाबा पुग्नु हुनेछ।

३. वित्तमन्त्री निर्मला सीतारमणले भारत विश्वको सबैभन्दा छिटो र बढ्दो प्रमुख अर्थतन्त्र बन्दै गएको बताउनु भएको छ।

४. राष्ट्रपति द्रौपदी मुर्मुले पश्चिम बंगाल विश्वविद्यालय कानून (संशोधन) विधेयक, २०२२ लाई आफ्नो स्वीकृति दिनुभएन|

५. १९७१ को युद्धमा भारतले पाकिस्तानमाथि विजय हासिल गरेको सम्झनामा आज राष्ट्रले विजय दिवस मनाउँदैछ।

**<u>राष्ट्रपति भ्रमण</u>**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि कर्नाटक, तमिलनाडु र तेलंगानाको सात दिने भ्रमणमा जानु हुनेछ। उहाँले कर्नाटकको मालावल्लीमा आदि जगद्गुरु श्री शिवरात्रेश्वर शिवयोगी महास्वामीजीको १०६६ औं जन्मजयन्ती समारोहको उद्घाटन गर्नु हुनेछ। भोलि, राष्ट्रपतिले तमिलनाडुको भेल्लोरमा रहेको स्वर्ण मन्दिरमा प्रार्थना गर्नु हुनेछ। त्यसपछि उहाँ आफ्नो जाडोयाम बसाइको लागि सिकन्दराबादको बोलारममा रहेको राष्ट्रपति निलयम जानु हुनेछ। शुक्रबार, राष्ट्रपतिले हैदराबादमा लोक सेवा आयोगका अध्यक्षहरूको राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नु हुनेछ। शनिबार, राष्ट्रपति मुर्मुले हैदराबादमा ब्रह्माकुमारी शान्ति सरोवरको २१ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजना गरिएको " **भारत का शाश्वत ज्ञान: शांति और प्रगति के मार्ग** " विषयक सम्मेलनलाई सम्बोधन गर्नु हुने कार्यक्रम छ।

**<u>प्रधानमन्त्रीको जोर्डन भ्रमण</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो अम्मानमा जोर्डनका राजा अब्दुल्लाह द्वितीय इब्न अल हुसेनसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुभयो। यी वार्ताहरूले कूटनीतिक सम्बन्धको ७५ औं वार्षिकोत्सवको तयारीमा घनिष्ठ साझेदारीलाई प्रतिबिम्बित गर्छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले आतंकवाद, अतिवाद र कट्टरपन्थी विरुद्ध जोर्डनको बलियो अडानको प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो, भारत र जोर्डनले आतंकवाद विरुद्ध लड्न एक समान दृष्टिकोण साझा गर्छन्। प्रधानमन्त्री श्री मोदीले २०१५ मा संयुक्त राष्ट्र संघमा भएको आफ्नो पहिलो अन्तरक्रियाको सम्झना गर्नुभयो। उहाँले संयमलाइ बढ़ावा दिनुमा राजा अब्दुल्लाह द्वितीयको नेतृत्वको प्रशंसा गर्नुभयो। श्री मोदीले द्विपक्षीय सम्बन्धका अन्य क्षेत्रहरूबीच यस क्षेत्रमा सहयोग अझ गहिरो हुने बताउनुभयो।

**बाइट**

राजा अब्दुल्लाह द्वितीयले आतंकवाद विरुद्ध लड्न भारतको प्रयासहरूको लागि जोर्डनको बलियो समर्थन दोहोऱ्याउनुभयो। प्रधानमन्त्री श्री मोदीले जोर्डन भ्रमणको दोस्रो दिन आज जोर्डन-भारत व्यापार मञ्चमा भाग लिनुहुनेछ।

**<u>इथियोपियाका प्रधानमन्त्री</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो तीन राष्ट्रको भ्रमणको दोस्रो चरणमा आज साँझ इथियोपियाको राजधानी अदिस अबाबा पुग्नु हुनेछ। प्रधानमन्त्रीले इथियोपियाका प्रधानमन्त्री डा. अबी अहमद अलीसँग द्विपक्षीय सम्बन्धका सबै पक्षहरूमा व्यापक छलफल गर्नुहुनेछ। ग्लोबल साउथमा साझेदारको रूपमा, यो भ्रमणले दुवै देशको मित्रताको घनिष्ठ सम्बन्धलाई बलियो बनाउन र द्विपक्षीय सहयोग विस्तार गर्न साझा प्रतिबद्धतालाई पुन: पुष्टि गर्दछ।

**प्रधानमन्त्री - इथियोपिया इतिहास**

भारत र इथियोपियाले शिक्षा, सीप र क्षमता निर्माणको क्षेत्रमा साझेदारीको लामो इतिहास साझा गर्छन्। भारतले विभिन्न छात्रवृत्तिमार्फत इथियोपियाली विद्यार्थी र पेशेवरहरूलाई तालिमका अवसरहरू प्रदान गर्दै आएको छ। आकाशवाणीसँग कुरा गर्नु हुँदै इथियोपियाका लागि भारतका राजदूत अनिल कुमार रायले भन्नु भयो, इथियोपियाका भारतीय विश्वविद्यालयका रजिस्ट्रारहरू समकक्ष धेरै उपकुलपतिहरू वा उपाध्यक्षहरूले आईसीसीआर र अन्य सरकारी प्रायोजित छात्रवृत्ति योजनाहरू अन्तर्गत भारतमा अध्ययन गरेका छन्। इथियोपियामा रहेका भारतीय मूल र इथियोपियाका मानिसहरू प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणको उत्सुकताका साथ प्रतीक्षा गरिरहेका छन्।

**लोक सभा -सीतारमण-अर्थव्यवस्था**

वित्तमन्त्री निर्मला सीतारमणले भन्नुभएको छ, भारत विश्वको ३.२ प्रतिशत वृद्धिदरको तुलनामा ८.२ प्रतिशत वृद्धिदरका साथ सबैभन्दा छिटो बढ्दो प्रमुख अर्थतन्त्र बन्दै गएको छ। उहाँले भन्नु भयो, हरेक विश्वव्यापी संस्थाले चालू आर्थिक वर्षमा देशको लागि आफ्नो वृद्धिको दृष्टिकोण बढाइरहेको छ। वित्त मन्त्रीले हिजो लोकसभामा २०२५-२६ को लागि अनुदानको पूरक मागको जवाफ दिँनु हुँदै यो कुरा बताउनु भएको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको देशको अर्थतन्त्रको बारेमा नकारात्मक टिप्पणीको जवाफ खोजेकोमा विपक्षीको आलोचना गर्नु हुँदै वित्त मन्त्रीले भारतले तीन प्रमुख विश्वव्यापी एजेन्सीहरू - DBRS, S&P र R&I बाट मूल्याङ्कन स्तरोन्नति प्राप्त गरेकोमा जोड दिनु हुँदै भारतले आलोचकहरूलाई गलत साबित गरेको बताउनु भएको छ। उहाँले थप भन्नु भयो, भारत इलेक्ट्रोनिक्स, औषधि, इन्जिनियरिङ सामान र रक्षा जस्ता क्षेत्रहरूमा खुद निर्यातकर्ताको रूपमा देखा परेको छ।

**बाइट**

**विकसित भारत विधेयक**

हिजो लोकसभामा पेश गरिएको विकसित भारत शिक्षा अधिष्ठान विधेयक, २०२५ लाई थप छानबिनको लागि संसदको संयुक्त समिति (जेपीसी) मा पठाइएको छ। केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले सदनमा विधेयक पेश गर्नु भयो । यद्यपि, विपक्षी सदस्यहरूले विधेयक पेश गर्ने कुराको विरोध गरे। संसदीय मामिला मन्त्री किरेन रिजिजुले भन्नु भयो, व्यवसाय सल्लाहकार समितिको बैठकमा धेरै सांसदहरूले विधेयकमा व्यापक परामर्शमा जोड दिएका थिए। उहाँले भन्नु भयो, उनीहरूको अनुरोधलाई विचार गर्दै, सरकारले विधेयकलाई व्यापक परामर्शको लागि जेपीसीमा पठाउने प्रस्ताव गरेको छ। श्री रिजिजुले लोकसभा अध्यक्षलाई समितिको गठनका लागि सदस्यहरू नियुक्त गर्न अनुरोध गर्नु भयो।

विकसित भारत शिक्षा अधिष्ठान विधेयकले विश्वविद्यालयहरू र अन्य उच्च शैक्षिक संस्थाहरूलाई शिक्षण, सिकाइ, अनुसन्धान र नवप्रवर्तनमा उत्कृष्टता हासिल गर्न सशक्त बनाउने लक्ष्य राखेको छ।

**लोक सभा -परमाणु ऊर्जा**

भारतलाई रूपान्तरण गर्ने परमाणु ऊर्जाको दिगो उपयोग र उन्नति विधेयक, २०२५ हिजो लोकसभामा पेश गरिएको थियो। परमाणु ऊर्जा राज्यमन्त्री डा. जितेन्द्र सिंहले विधेयक प्रस्तुत गर्नु भयो। यो विधेयक देशवासीको कल्याणको लागि परमाणु ऊर्जा उत्पादनको लागि परमाणु ऊर्जा र आयनीकरण विकिरणको विकास गर्ने उद्देश्यले हो। विधेयकले परमाणु ऊर्जा नियामक बोर्ड गठन गर्ने र परमाणु ऊर्जा निवारण सल्लाहकार परिषद्को स्थापना गर्ने लक्ष्य राखेको छ। विधेयकले परमाणु घटनाको घटनामा केन्द्र सरकारको दायित्वको पनि व्यवस्था गरेको छ। केन्द्र सरकारले विधेयक अन्तर्गत आफ्नो दायित्व पूरा गर्ने उद्देश्यले परमाणु दायित्व कोष स्थापना गरेको छ।

**जयशंकर - अबुधाबी**

विदेशमन्त्री डा. एस. जयशंकरले अबुधाबीमा मुबाद्ला इन्भेस्टमेन्ट कम्पनीका प्रबन्ध निदेशक तथा समूह सीईओ खलदुन खलिफा अल मुबारकसित भेट गर्नुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नुहुँदै डा. जयशंकरले आर्थिक सहयोगका लागि उदीयमान अवसरहरूको बारेमा जानकारी गराउनुभयो। विदेशमन्त्रीले भन्नुभयो, दुवैले विश्वव्यापी भू-आर्थिक अवस्थाको बारेमा विचार आदानप्रदान गर्नुभएको र भारत र संयुक्त अरब इमिरेट्सबीचको सम्बन्धलाई अझ बलियो बनाउने आवश्यकतामाथि चर्चा गरिएको बताउनुभयो।

**पश्चिम बंगाल विश्वविद्यालय विधेयक फिर्ता**

राष्ट्रपति द्रौपदी मुर्मुले पश्चिम बंगाल विश्वविद्यालय कानून (संशोधन) विधेयक, २०२२ लाई आफ्नो स्वीकृति दिनुभएन, जसमा मुख्यमन्त्री ममता ब्यानर्जीलाई सबै राज्य विश्वविद्यालयहरूको कुलपति नियुक्त गर्ने प्रस्ताव गरिएको थियो। राष्ट्रपतिले विधेयकलाई अस्वीकृत गर्नु भएसँगै पश्चिम बंगालका राज्य-सञ्चालित विश्वविद्यालयहरूमा उपकुलपतिको पदमा कुनै परिवर्तन हुनेछैन। विद्यमान प्रणाली अनुसार बंगालका राज्यपाल सी.भी. आनन्द बोस सबै राज्य विश्वविद्यालयहरूको कुलपति हुनुहुन्छ। लोक भवनले पनि पुष्टि गरेको छ -राज्यपालले पहिले जस्तै राज्य विश्वविद्यालयहरूको कुलपतिको रूपमा आफ्नो कर्तव्य निर्वाह गर्न जारी राख्नुहुनेछ। २०२४ मा राज्यपाल आनन्द बोसले पश्चिम बंगाल विधान सभामा पारित यो विधेयकलाई राष्ट्रपति द्रौपदी मुर्मुलाई विचारको लागि पठाउनुभएको थियो।

**सरकार - हज परामर्श**

अल्पसंख्यक मामिला मन्त्रालयले भारतीय निजी हज तीर्थयात्रीहरूलाई हज २०२६ को लागि चाँडै आवेदन दिन र अधिकृत हज समूह आयोजकहरू मात्र छनौट गर्न सल्लाह दिएको छ। हज २०२६ को सम्बन्धमा साउदी अरेबिया राज्यको हज तथा उमराह मन्त्रालयले जारी गरेको परामर्शलाई ध्यानमा राख्दै, मन्त्रालयले अन्तिम समयमा हुने असुविधाबाट बच्न र सबै अनिवार्य प्रक्रियाहरू समयमै पूरा गर्न सुनिश्चित गर्न अर्को महिनाको १५ तारिख वा सोभन्दा अगाडि आफ्नो बुकिङ औपचारिकता पूरा गर्न निर्देशन दिएको छ।

**विजय दिवस**

१९७१ को युद्धमा भारतले पाकिस्तानमाथि विजय हासिल गरेको सम्झनामा आज राष्ट्रले विजय दिवस मनाउँदैछ। प्रत्येक वर्ष यस दिन राष्ट्रले ती बहादुरहरूको परम बलिदानलाई सम्झन्छ जसका कथाहरूले प्रत्येक भारतीयलाई प्रेरणा दिन्छन् र राष्ट्रिय गौरवको स्रोत बनेका छन्। १९७१ मा यसै दिन पाकिस्तानी सेनाका प्रमुख जनरल एए खान नियाजीले ९३ हजार सेनासहित भारतीय सेना र मुक्ति वाहिनी सम्मिलित सहयोगी सेनासमक्ष निःशर्त आत्मसमर्पण गरेका थिए।

****** ० ******